प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**प्रतिलिपि अधिकार संरक्षण गरौं।**

- सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
- सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
- अर्काको सृजना वा रचना चोरी नगरौं।
- प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।
- बौद्धिक सम्पत्तिको रक्षा गरौं।
- सृजनाको संरक्षण गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ३०५ ॥ २०८२ पुष २२ गते मंगलबार (6th Jan 2026 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## सुस्ताएको भद्रपुरलाई उठाउन महोत्सव

• **लक्ष्मी उप्रेती**

झापा । पूर्वकै पुरानो बजार भद्रपुर सुस्ताएपछि त्यसलाई चलायमान बनाउन महोत्सव आयोजना गरिने भएको छ । आगामी माघ ७ देखि २१ गतेसम्म भद्रपुर-८ को मेची रंगशालामा झापा औद्योगिक,व्यापार, कृषि तथा पर्यटन महोत्सव हुने भएको हो । महोत्सव सञ्चालनका लागि झापा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष राजकुमार राईको संयोजकत्वमा मुल आयोजक तथा अतिथि सत्कार समिति गठन भएको छ । महोत्सवको संरक्षक भद्रपुर नगरपालिका रहेको छ ।

झापा जिल्लाको समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, कृषि, पशुपंछी र पर्यटन क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याउने दिर्घकालीन र आन्तरिक बजार सवलीकरणका लागि व्यवसायिक उत्थान तथा निकासी योग्य वस्तुमा जोड दिने लक्ष्यसहित महोत्सव गर्न लागिएको सोमबार पत्रकार सम्मेलनमार्फत जानकारी गराईयो ।

आयोजक झापा उद्योग वाणिज्य संघले भद्रपुरमा पत्रकार सम्मेलन गरी कम्तिमा १० करोड रुपैयाँ बराबरको कारोवार तथा एक लाख बढी अवलोकनकर्ताले महोत्सव अवलोकन गर्ने लक्ष्यका साथ महोत्सव सञ्चालन गर्न लागिएको आयोजक संस्थाका कार्यवाहक अध्यक्ष राजकुमार राईले बताए ।

पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा अवसरको खोजी गर्ने, सूचना प्रविधिसम्बन्धी जानकारी गराउने, व्यावसायिक चेतना अभिवृद्धि गर्ने, बजार अनुसन्धान एवम् नयाँ वस्तु विकासका अवसर सिर्जना गर्ने, स्थानीय लोक संस्कृतिलाई अन्तर्राष्ट्रिय पहिचान दिलाउने, उत्पादन र उपभोक्ताबीच सम्बन्ध अभिवृद्धि गर्ने, देश विदेशका व्यवसायीहरुसँग अनुभव आदान प्रदानको अवसर प्रदान गर्ने,पर्यटकीय स्थलहरुको पहिचान गरी सोको प्रवर्द्धनमा सहयोग पुऱ्याउने, कृषिजन्य उत्पादनको बजार प्रवर्द्धन गर्ने, स्थानीय उत्पादनमा गुणात्मक सुधार गरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सहयोग गर्ने, स्थानीय वस्तु तथा सेवाको बजार प्रवर्द्धन गर्ने एवम् उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गर्नेलगायतका विभिन्न उद्धेश्यसहित महोत्सवको तयारी गरिएको पत्रकार सम्मेलनमा वितरित प्रेस




विज्ञप्तिमा उल्लेख छ ।

युवाहरुको विदेश पलायनलाई निरुत्साहित गर्दै उद्योग व्यापार क्षेत्रमा लाग्न प्रेरित गर्दै रोजगारको सिर्जना गर्ने, विभिन्न वस्तु तथा सेवाहरुको एउटै स्थलमा प्रदर्शनी गरी उपभोक्ताहरुसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने, निकासीयोग्य वस्तुको पहिचान एवम् बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने, बैदेशिक लगानीका सम्भावना पहिचान गरी त्यसका लागि आवश्यक वातावरण निर्माण गर्ने पनि उद्धेश्य महोत्सवको रहेको छ । नेपाली संस्कृतिको विकासमा यो महोत्सवले निक्कै सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

'समृद्धि आधार, आर्थिक विकासः कृषि पर्यटन उद्योग र व्यापार' भन्ने मुल नाराका साथ आयोजना हुन लागेको महोत्सवमा लक्ष्य पूरा गर्न घरेलु, कृषि, पर्यटन तथा अन्तर्राष्ट्रिय वस्तु तथा सेवाहरूको प्रवर्द्धनका लागि सयभन्दा बढी विभिन्न स्टल रहने पत्रकार सम्मेलनमा बताइयो ।

यो महोत्सवले केही बर्षयता झापा जिल्लाका उद्योग व्यवसाय क्षेत्रमा देखिएको आर्थिक मन्दी एवम् उद्योगी व्यवसायीहरूमा व्याप्त निराशालाई चिर्दै जिल्लाको अर्थतन्त्रलाई चलायमान गराउने उद्धेश्यले झापा औद्योगिक , व्यापार, कृषि तथा पर्यटन महोत्सव आयोजना गर्न लागिएको अध्यक्ष राईले जानकारी दिए ।

यसले जिल्लाको उद्योग- व्यवसाय चलायमान गराउने मात्र नभएर झापाको कृषि, पर्यटन र यस क्षेत्रका आदिवासी जनजाति तथा अल्पसंख्यकहरूको संस्कृति, कला प्रवर्द्धन गर्ने विश्वास व्यक्त गरिएको छ । कार्यवाहक राईले हजारौंले अवलोकन गर्ने महोत्सवमा करोडौंको कारोवार हुने अपेक्षा गरे ।

आयोजक संस्थाका कार्यवाहक अध्यक्ष राईको अध्यक्षता तथा दिपेश ढकाल, नितेश वर्मा,महावीर मित्रुका, सागर घिमिरे, अम्बिका पोखेललगायतका दर्जनौं उद्योगी व्यवसायीहरुबीच सम्पन्न पत्रकार सम्मेलनमा औद्योगिक महोत्सवले वर्तमान विषम परिस्थितिलाई चिर्दै उद्योगी तथा व्यवसायीहरूलाई आफ्ना उत्पादनहरू, सेवाहरू र व्यापारिक गतिविधि आत्मसात गर्ने प्लेटफर्म प्रदान गर्ने अपेक्षा गरिएको छ । सन् २०१९ को कोभिड महामारी र हालको आर्थिक मन्दीपछि पुनः आर्थिक क्षेत्रलाई चलायमान बनाई आर्थिक वृद्धि हासिल गर्न खोजिरहेका उद्योगी व्यवसायीका लागि यो महोत्सव मञ्चका रूपमा एउटा महत्वपूर्ण कार्यक्रम बन्ने प्रेस विज्ञप्तिमा उल्लेख छ ।

झापा जिल्ला तथा अन्य छिमेकी जिल्लाका उद्योग व्यवसाय क्षेत्र, कृषि स्वास्थ्य, शिक्षा तथा पर्यटन, होटललगायतका अन्य व्यवसायीहरुले महोत्सव प्रायोजन तथा स्टलका लागि उत्साहजनक चासो देखाएको, भद्रपुर नगरपालिका वडा नम्बर ८ को सिफारिसमा झापा जिल्ला खेलकुद विकास समितिले महोत्सव स्थलका लागि स्वीकृति प्रदान गरेको कार्यवाहक अध्यक्ष राईले बताए ।

महोत्सव सम्पन्न गर्न विभिन्न नौ वटा उपसमिति गठन भई क्रियाशील रहेको पत्रकार सम्मेलनमा बताईयो । आदित्य पराजुली संयोजक रहने गरी आर्थिक संकलन तथा व्यवस्थापन समिति, खड्गबहादुर लिम्बू संयोजक रहने गरी मञ्च व्यवस्थापन समिति,पवनकुमार श्रेष्ठको संयोजकत्वमा स्टल व्यवस्थापन समिति, माधव विद्रोहीको संयोजकत्वमा प्रचारप्रसार समिति,रोहित काफ्लेको संयोजकत्वमा उपहार तथा प्रकाशन समिति,अम्बिका पोखेलको संयोजकत्वमा सुरक्षा तथा स्वयम्सेवक समिति, अनिता कार्कीको संयोजकत्वमा स्वागत तथा सत्कार समिति, राजेन्द्रकुमार घिमिरेको संयोजकत्वमा अनुगमन समिति निर्माण गरिएको पत्रकार सम्मेलनमा बताइयो ।

कृषि उत्पादन,बीउबीजन तथा मलखाद, कृषि औजार, प्रविधि तथा यन्त्र, जडीबुटी तथा औषधि, पर्यटन तथा शैक्षिक संस्था, छाला तथा छालाका सामानहरु, गार्मेन्ट तथा जुत्ता चप्पल,गलैचा तथा पश्मिना,सौर्य ऊर्जा तथा जल विद्युत,मोवाइल तथा सूचना प्रविधि, घरजग्गा तथा निर्माण सामग्री, बैंक तथा वित्तीय संस्था, फनिर्चर तथा फर्निसिङ, दैनिक उपभोग्य सामानलगायतका वस्तु महोत्सवको स्टलमा राखिने छ । सेल्फीजोन, मनोरञ्जनात्मक खेल तमासा, स्थानीय तथा राष्ट्रियस्तरको सांगीतिक र हास्यव्यंग कार्यक्रम ,स्थानीय गीत तथा नृत्य र साँस्कृतिक कार्यक्रम , बाल उद्यान,विभिन्न जातजातिको साँस्कृतिक, परम्परागत प्रदर्शनी तथा झाँकी प्रदर्शन मनोरञ्जनात्मक आकर्षण हुने बताइएको छ ।

पत्रकार सम्मेलनमा भद्रपुर नगरपालिका उपप्रमुख राधा कार्कीले यो महोत्सवको भद्रपुर नगरपालिकाले अपनत्व लिने बताइन् । पत्रकार सम्मेलनमा पत्रकारहरूले राखेको जिज्ञासामा महोत्सव आर्थिक संकलन तथा व्यवस्थापन समिति संयोजक आदित्य पराजुली,उद्योगी दिपेश ढकाल, नितेश बर्मा, भद्रपुर नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष मनोज सुब्बाले जवाफ दिएका थिए । पत्रकार सम्मेलनको सहजीकरण संस्थाका महासचिव सुमन मैनालीले गरेका थिए ।

## कोशी प्रदेश सरकार पुनर्गठन गर्रिंदै

छ। सत्ता साझेदार दल नेकपा (एमाले) र नेपाली कांग्रेसबीच मन्त्रालयको भागबन्डा टुंगो लागेसँगै मुख्यमन्त्री हिक्मतकुमार कार्कीले केही दिनभित्रै नयाँ मन्त्रीहरूलाई सपथ गराउने तयारी थालेका छन्।

मुख्यमन्त्री कार्यालय स्रोतका अनुसार यो साता वा बढीमा थप एक-दुई दिनभित्र औपचारिक रूपमा मन्त्रिपरिषद् पुनर्गठनको सम्भावना छ। नेपाली कांग्रेसका सांसद भीम पराजुलीले पनि सरकार पुनर्गठन अन्तिम चरणमा पुगेको पुष्टि गरेका छन्। दलभित्रको छलफल लगभग टुंगिएको र अब नाम सार्वजनिक गर्ने मात्र बाँकी रहेको पराजुलीको भनाइ छ।

प्रदेश सरकारको कार्य सम्पादनलाई थप प्रभावकारी बनाउने र दलहरूबीचको राजनीतिक सन्तुलन कायम गर्ने उद्देश्यले सरकार पुनर्गठन गर्न लागिएको सत्तारूढ दलहरूको दाबी छ।

सत्तारूढ एमालेबाट मन्त्री बन्ने आकांक्षीमा ६ जनाको नाम चर्चामा छ। एमाले स्रोतका अनुसार प्रमुख सचेतक विदुर लिङ्थेप, चिन्तन पाठक (तिलचन), निरन राई, इन्द्रमणि पराजुली, उमाकान्त गौतम र रामप्रसाद मेहतामध्ये ४ जनाले मन्त्री बन्ने अवसर पाउनेछन्। यी नाममध्ये कसलाई कुन मन्त्रालय जिम्मा दिने भन्ने विषयमा अन्तिम छलफल चलिरहेको जनाइएको छ।

नेपाली कांग्रेसको तर्फबाट भने ४ जनाको नाम मन्त्रीका लागि लगभग निश्चित भइसकेको छ। कांग्रेसभित्रको शक्ति सन्तुलनअनुसार डा. शेखर कोइराला समूहबाट मानबहादुर लिम्बू, कृष्णप्रसाद सिटौला समूहबाट भीम पराजुली तथा संस्थापन पक्षबाट इसराइल मन्सुरी र प्रदीप सुनुवार मन्त्री बन्ने पक्का जस्तै भएको स्रोतको भनाइ छ।

हालको मन्त्रिपरिषद् संरचना अनुसार एमालेबाट रामबहादुर रानामगर (राम राना) आर्थिक मामिला तथा योजना मन्त्री, पाँचकर्ण राई सामाजिक विकास मन्त्री, रेवतीरमण भण्डारी आन्तरिक मामिला तथा कानुन मन्त्री र एकराज कार्की खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्री छन्।

त्यस्तै कांग्रेसबाट भूपेन्द्र राई भौतिक पूर्वाधार विकास तथा स्वास्थ्य मन्त्री, खगेनसिंह हाङ्गाम उद्योग, कृषि तथा सहकारी मन्त्री र सदानन्द मण्डल पर्यटन, वन तथा वातावरण मन्त्री छन्।
सरकार पुनर्गठनपछि केही मन्त्रालयको जिम्मेवारी हेरफेर हुने र केही नयाँ अनुहार सरकारमा प्रवेश गर्ने निश्चित छ।

प्रदेश सरकारभित्र देखिएको असन्तुलन, दलभित्रका असन्तुष्टि र आगामी राजनीतिक समीकरणलाई ध्यानमा राखेर सरकार पुनर्गठन गर्न लागिएको सत्तारूढ पक्षको बुझाइ छ। पुनर्गठनपछि कोशी प्रदेश सरकारले नयाँ स्वरूप प्राप्त गर्ने छ।

## मोबाइल पसलबाट ७ लाखको चोरी , एकजना पक्राउ

झापा, पुष २१ । झापा गौरीगञ्जको एक मोबाइल पसलबाट करिव ७ लाख बराबरको सामान चोरी गर्ने एकजना युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा गौरीगञ्ज गाउँपालिका वडा नं.३ गौरीगञ्ज चोक



बस्ने १९ वर्षीय सुवास (कोच) राजवंशी रहेका छन् । चोरी भएको २४ घण्टा नबित्दै चोरीका सामानसहित कोच पक्राउ परेका हुन् । आइतवार राति गौरीगञ्ज ३ गौरीगञ्ज बजारमा रहेको गौरादह ८ जुरोपानी बस्ने इन्द्रकुमार बरालले संचालन गरेको बराल स्टोर मोवाइल पसलबाट विभिन्न सामान चोरी भएको थियो । चेन गेटको ताल्चा ,ढिकमा लगाएको फलामको सिक्री काटेर मोवाइल पसलभित्र रहेका सामानहरु चोरी भएको थियो । घटनाबारे बिहान खबर पाएपछि इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट प्रहरी निरीक्षक भुवनबाबु खड्काको कमाण्डमा प्रहरी टोली खटिएर थप अनुसन्धान तथा खोजतलास शुरु गरेको थियो । यसक्रममा सोमवार दिउँसो ४;२० बजे मोवाइल पसलमा चोरी गर्ने कोचलाई चोरिएका सामानसहित घरबाटै पक्राउ गरिएको हो । उनको घरबाट एन्ड्रोइड मोवाइल ६ थान,ड्रोन १ थान,मोवाइल चार्जर ३ थान,हेडफोन १ थान ,इयरफोन ३ थान र मुखमा लगाउने मुकुट बरामद भएको थियो । अनुहारमा मुकुट लगाएर उनी चोरी गर्न गएका थिए । अनुहार छोपेपनि सीसीटिभी फुटेजको आधारमा उनको पहिचान खुलेको थियो । कोचलाई नियन्त्रणमा लिई इप्रका गौरीगञ्जमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## ३५औं स्थापना दिवस मनाउँदै प्याव्सन झापा

झापा, पुष २१ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याव्सन) झापा शाखाले यही पुष २४ गते बिर्तामोडमा आफ्नो ३५औं स्थापना दिवस भव्य रूपमा मनाउने भएको छ। बिर्तामोडको सिटी सेन्टरमा जिल्ला स्तरीय सांस्कृतिक कार्यक्रमसहित स्थापना दिवस मनाउन लागेको प्याव्सन झापाले पत्रकार सम्मेलन गरी जानकारी दिएको छ ।

पत्रकार सम्मेलनमार्फत दिइएको जानकारीअनुसार यस वर्षको स्थापना दिवसको मुख्य आकर्षण गायन तथा नृत्य प्रतियोगिता रहनेछ। कार्यक्रममा जिल्लाका १४ वटै पालिकाबाट विद्यार्थीहरूको सहभागिता रहनेछ। सांस्कृतिक प्रतियोगिताअन्तर्गत सामूहिक नृत्य, सांस्कृतिक नृत्य, शास्त्रीय नृत्य तथा गायन समावेश छन्। गायनतर्फ १२ वर्ष मुनि , १२ वर्ष माथि साथै कक्षा ११ र १२ का विद्यार्थीका लागि विशेष गायन प्रतिस्पर्धा राखिएको छ। पालिकाहरुबाट छनोट भएका विद्यार्थीहरुले सो जिल्ला स्तरीय कार्यक्रममा भाग लिने भएका छन् । पालिकास्तरबाट छनोट भई गायन प्रतियोगितामा ४२ जना, शास्त्रीय नृत्यमा १४ जना र सांस्कृतिक नृत्यमा २१० जना विद्यार्थी सहभागी हुनेछन्। पालिका स्तरीय कार्यक्रममा झापाका ४ हजार २२७ विद्यार्थीहरुले भाग लिएका थिए ।
त्यस अवसरमा सम्मान कार्यक्रमसमेत राखिएको छ ।
योगदान तथा विशिष्टताका आधारमा संस्थापक प्रिन्सिपलतर्फ विराटज्योति अंग्रेजी माध्यमिक विद्यालय बिर्तामोडका गणेशप्रसाद ओली, देवकुल अंग्रेजी माध्यमिक विद्यालय बिर्तामोडका धरणीरस मैनाली र रूपरत्न अंग्रेजी माध्यमिक विद्यालय अर्जुनधाराका प्रभुकुमार श्रेष्ठलाई सम्मान गरिनेछ । त्यस्तै, मरणोपरान्त संस्थापक सम्मानबाट टावर टेम्पल अंग्रेजी विद्यालय बिर्तामोडका संस्थापक प्रिन्सिपल स्व.नरेशमान धिमाललाई सम्मान गरिनेछ ।अविच्छिन्न रूपमा कार्यरत शिक्षकका रूपमा हरिकुल नमुना माध्यमिक विद्यालय कनकाईका मुक्ति दाहाललाई पुरस्कृत गरिनेछ । यसैगरी उत्कृष्ट पालिका सम्मानतर्फ प्याब्सन अर्जुनधारालाई तथा शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने एक जना सञ्चारकर्मीलाई पनि सम्मान गरिने प्याव्सन झापाका अध्यक्ष छत्रबहादुर कार्कीले बताए ।
एसईई परीक्षा २०८१ मा ४ जि.पी.ए. प्राप्त गर्ने विद्यार्थीहरूलाई प्रशंसापत्रसहित सम्मान गरिनेछ । सम्मानित हुने विद्यार्थीहरूमा प्रज्ञा एकेडेमी भद्रपुरकी मिनकुमारी दास, नेशनल मेरीगोल्ड स्कूल भद्रपुरका प्रनिल सत्याल, बाल्मिकी एजुकेशन फाउण्डेशन बिर्तामोडका हृदयप्रसाद शिवाकोटी र अंकित कटुवाल, माउन्ट एभरेष्ट विद्यालय गौरादहका अर्पण रोय र जेनिस कोइराला, इमिनेन्ट कञ्चनजंघा स्कूल, गौरादहका कुशल लिम्बू, हेमन्त राजवंशी, मुना पाण्डे र रोशिका राजवंशी रहेका छन् ।

त्यसैगरी नमुना अंग्रेजी विद्यालय गौरादहकी सुमेधा कोइराला र अलिसा सापकोटा, पारिजात अंग्रेजी माध्यमिक विद्यालयकी नम्सा लिम्बू थलाङ, ज्ञानकुञ्ज एकेडेमीका सागर राउत तथा ज्ञानोदय आवासीय माध्यमिक विद्यालय, गौरीगञ्जकी सलिना कार्कीलाई पनि सम्मान गरिने प्याब्सन झापाले जनाएको छ ।
प्याब्सन झापाका अध्यक्ष कार्कीले कक्षा ११ र १२ का विद्यार्थीले प्रस्तुत गर्ने गायन तथा १२ वर्षमुनि र १२ वर्षमाथिका प्रतियोगीहरूको प्रस्तुति कार्यक्रमको प्रमुख आकर्षण हुने बताए ।

पत्रकार सम्मेलनमा प्याब्सन झापाका वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठकले प्याब्सन झापाले वार्षिक क्यालेन्डरअनुसार जिल्लाभर विविध कार्यक्रम गर्दै आएको र सोही तालिकाअनुसार 'प्याब्सन डे' मनाउन लागिएको बताए । उनका अनुसार पालिकागत सांस्कृतिक कार्यक्रम मंसिर २२ गते गौरीगञ्ज गाउँपालिकाबाट सुरु भई पुष ६ गते दमक नगरपालिकामा सम्पन्न भएको थियो । सबै पालिकाबाट प्रथम स्थान हासिल गर्ने, कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरूलाई जिल्ला स्तरीय प्रतियोगितामा सहभागी गराई पुरस्कृत गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए ।
प्याब्सन झापाका सचिव लक्ष्मी उप्रेतीले १४ वटा पालिकामा यसअघि सञ्चालन गरिएको पालिका स्तरीय कार्यक्रममा पाँच विधामा विद्यार्थीबीच प्रतिस्पर्धा गराइएको र त्यसमा उत्कृष्ट भएका विद्यार्थीले जिल्ला स्तरीय प्रतियोगितामा सहभागिता जनाउने जानकारी दिए ।
विभिन्न जातजाति, धर्म, संस्कार, भेषभूषा झल्कने सामूहिक सांस्कृतिक नृत्य, एकल शास्त्रीय नृत्य तथा गायन विधामा विद्यार्थीहरूले आफ्नो प्रतिभा प्रस्तुत गरेको उनले बताए । उप्रेतीका अनुसार पालिका स्तरीय प्रतियोगितामा ४ हजार २२७ जना विद्यार्थीले मञ्चमा प्रतिभा प्रदर्शन गरेका थिए ।
जिल्ला स्तरीय कार्यक्रमको व्यवस्थापनको जिम्मेवारी लिएको बिर्तामोड नगर प्याब्सनका अध्यक्ष सुरेन्द्र खरेलले कार्यक्रमका लागि सबै तयारी पूरा भइसकेको जानकारी दिए ।
कार्यक्रमका लागि अलस्का अटोमोबाइल्स प्रा.लि. मुख्य प्रायोजक रहेको छ । कंगारु एजुकेशन फाउण्डेशन, बीएण्डसी अस्पताल तथा विभिन्न पब्लिकेशनहरुका तर्फबाट पनि सहयोग रहने खरेलले जानकारी दिए । कार्यक्रम सम्पन्न गर्न सात लाख रुपैयाँभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ ।
मुख्य प्रायोजक अलस्का अटोमोबाइल्स प्रा.लि.को तर्फबाट सञ्जीव ओलीले सहमतिपत्रमा हस्ताक्षर भइसकेको जानकारी दिएका छन् ।

### जेनजी आन्दोलनमा ट्राफिक कार्यालयमा आगजनी र लुटपाट

# चोरिएको मोटरसाइकलसहित एक पक्राउ,६ वटा अझै गायव

झापा, पुष २१ । जेनजी आन्दोलनमा बिर्तामोडको जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट चोरिएको मोटरसाइकलसहित एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा बिर्तामोड वडा न.१सिर्जना



टोलमा रमेश मगरको घरमा डेरा गरी बस्ने इलाम फाकफोकथुम गाउँपालिका वडा न.७ घर भएका ३९ वर्षीय बिरबहादुर दमाई रहेका छन् । उनले आफ्नो डेरामा भदौ २४गते जेनजी आन्दोलनको क्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडको परिसरबाट हराएको मोटरसाइकल लुकाएर राखेका थिए । आइतवार बिहान इलाका प्रहरी कार्यालय बिर्तामोड र जिल्ला ट्राफिक प्रहरी कार्यालयको संयुक्त टोलीले चेकजाँच गर्दा दमाईले लुकाईछिपाई राखेको अवस्थामा मे७प.( नम्बर नखुलेको ) सुपर स्प्लेन्डर मोटरसाइकल फेला परेको थियो । सो मोटरसाइकल सर्वसाधारणको भएको बताइएको छ । जुन पक्राउ गरी ट्राफिक प्रहरी कार्यालयमा राखिएको थियो ।

जेनजी आन्दोलनका क्रममा आन्दोलनकारीहरुले ट्राफिक प्रहरी कार्यालयमा आगजनी र तोडफोड गरेका थिए । त्यसक्रममा ट्राफिक भवनमा आगजनी गर्नुका साथै सवारीसाधनमा समेत आगो लगाएका थिए । आगजनीबाट दुईवटा गाडी क्षतिग्रस्त भएका थिए । त्यस्तै सेतो नम्बर प्लेट भएका कार्यालयको ४ वटा , त्यहाँका कर्मचारीहरुको ८ वटा र सर्वसाधारणको मोटरसाइकलसमेत हराएको थियो ।

आगजनीबाट ध्वस्त भएको अवस्थामा तीन वटा सेतो प्लेटका मोटरसाइकल फेला परेका थिए भने ४ वटा निजी मोटरसाइकलमध्ये केही डढेको भेटिएको थियो । बाँकी मोटरसाइकल आन्दोलनकारीहरुले लिएर गएका थिए । ट्राफिक कार्यालयबाट हराएकामध्ये योसहित तीनवटा मोटरसाइकल फेला परेको छ भने ६ वटा मोटरसाइकल अझै गायव नै रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

# पिछडा उत्थान कृषि सहकारीको साधारणसभा सम्पन्न

कुमरखोद, पुष २१ । झापा गाउँपालिका वडा नं २ झापा बजारमा रहेको पिछडा उत्थान कृषि सहकारी संस्थाको एघारौं वार्षिक साधारणसभा सोमवार सम्पन्न भएको छ ।

कुमरखोद रेडक्रस सोसाईटीको सामुदायिक सभाहलमा भएको कार्यक्रममा संस्थाका अध्यक्ष कृष्ण केवरतको अध्यक्षता तथा झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाको प्रमुख आतिथ्यता रहेको थियो ।

संस्थाका अध्यक्ष केवरतले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै २२० जना शेयर सदस्य रहेको आफ्नो संस्थाले आगामी आर्थिक वर्षमा थप शेयर सदस्य वृद्धि गर्ने लक्ष्य राखेको बताए ।

संस्थामा हाल १ करोड १५ लाख ६ हजार ४ सय ८ रुपैयाँ शेयर चुक्ता पुँजी , बचत ५३ लाख ११ हजार १ सय ३ र कोष हिसाव ३८ लाख ७८हजार २ सय ५३ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ । सम्पूर्ण खर्च कटाएर संस्थाले यो आर्थिक वर्षमा १३ लाख १७ हजार ५रुपैयाँ नाफा कमाएको प्रतिवेदनमा



उल्लेख गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि झापा गाउँपालिका कार्यवाहक अध्यक्ष थपलियाले यस सहकारीले स्थानीय स्तरमा आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको बताइन् । उनले किसानका लागि उत्पादनमुखी कार्यमा अघि बढ्नुपर्नेमा जोड दिइन् । उनले संस्थामा शेयर सदस्य थोरै रहेकाले शेयर सदस्य वढाउन सल्लाह दिइन् ।

ऋण समितिका सदस्य बरतलाल राजवंशीले स्वागत मन्तव्य गरेको कार्यक्रममा वडा नं १ का वडा अध्यक्ष राजकुमार यादव , लेखा समिति संयोजक प्रदिपकुमार गणेश , समाजसेवी सुन्दरलाल गणेशले पनि शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा उत्सव कृषि सहकारी संस्थापक अध्यक्ष जयनारायण शाह , व्यवस्थापक कल्पना खड्का , कुमरखोद साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष सुजता पोखेल , न्यायिक समिति सदस्य राजकुमार कोचलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन व्यवस्थापक शंकर शाहले गरेका थिए ।

# इक्यानको स्थापना दिवसमा सुस्त मनस्थिति समाजलाई सहयोग

बिर्तामोड । नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाले आफ्नो सातौं स्थापना दिवसका अवसरमा सुस्त मनस्थिति सरोकार समाज नेपाललाई खाद्यान्नसहित नगद सहयोग गरेको छ । झापाको कनकाई -१ जमुनवारीस्थित सुस्त मनस्थिति सरोकार समाज नेपालको बालआवास गृहमा पुगेर खाद्यान्नसहित नगद हस्तान्तरण गरिएको हो ।

इक्यान झापाका अध्यक्ष राजकुमार कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा इक्यान केन्द्रीय अध्यक्ष शेषराज भट्टराईको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा बोल्दै केन्द्रीय अध्यक्ष भट्टराईले इक्यान जहिले पनि सामाजिक सेवा तथा सामाजिक कार्यमा अग्रसर हुने संस्था रहेको भन्दै आफ्नो स्थापना दिवसका अवसरमा इक्यान झापाले उत्कृष्ट कार्य गरेको भन्दै प्रशंसा गरे । उनले सुस्त मनस्थिति सरोकार समाज नेपालमा रहेका बौद्धिक अपाङ्गता भएका



बालबालिकाको सहयोगका लागि आफ्नो ब्यक्तिगत तर्फबाट २१ हजार नगद सहयोग गरे । उनले आगामी दिनमा समेत शैक्षिक परामर्श ब्यवसायीहरुलाई साथ र सहयोग गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा बोल्दै इक्यान झापाका संस्थापक अध्यक्ष एवम् प्रमुख सल्लाहकार सुमन शर्मा जमरकट्टेलले इक्यान झापाले आफ्नो स्थापना दिवसका अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत बौद्धिक अपाङ्गता भएका बालबालिकालाई सहयोग गरेको भन्दै प्रशंसा गरे । उनले इक्यान झापाले सामाजिक क्षेत्रमा गरेको कामले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको उल्लेख गरे ।

कार्यक्रममा इक्यान झापाका उपाध्यक्ष एवम् सामाजिक उत्तरदायित्व (सीएसआर) विभाग प्रमुख अशोक भण्डारीले शैक्षिक परामर्शको क्षेत्रमा काम गर्दै आएको इक्यान झापाले स्थापना दिवसका अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत धेरै कामहरु गरिरहेको बताए । उनले झापाका १५ वटै स्थानामा कम्तिमा एक-एकवटा कार्यक्रम गर्ने बताए । सुस्त मनस्थिति सरोकार समाज नेपालमा रहेका बालबालिकालाई इक्यान झापाले थोरै भए पनि खाद्यान्न सहयोग गरेको र आगामी दिनमा पनि यस्ता सहयोगलाई निरन्तरता दिने बताए ।

सुस्त मनस्थिति सरोकार समाज नेपालकी अध्यक्ष भागिरथा चापागाईँ पोखरेलले स्थानीय, प्रदेश सरकारले केही हदसम्म सहयोग गरेपनि अझै धेरै सहयोगको आवश्यकता रहेको बताइन् । उनले इक्यान झापाले आफ्नो स्थापना दिवसका अवसरमा सहयोग गरेको भन्दै धन्यवाद दिइन् । उनले शैक्षिक परामर्श ब्यवसायीहरुलाई बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा सहयोग गरिदिन आग्रह गरिन् । उनले २०६८ सालमा स्थापना गरेको संस्थाले हालसम्म ३६ जना बालबालिकाको उद्धार गरेर परिवारको जिम्मा लगाउन सफल भएको बताइन् । हाल १७ जना बालबालिका रहेको र उनीहरुलाई तीन जना सहयोगीहरुले स्याहारसुसार गर्दै आएको अध्यक्ष पोखेलले जानकारी दिइन् । उद्धार गरिएकामध्ये सात जनाले अकालमा नै ज्यान गुमाएको बताइएको छ । उनीहरुको उपचारमा स्थानीय तथा प्रदेश सरकारसँगै विभिन्न संघ-संस्था र मनकारी ब्यक्तिहरुले सहयोग गर्ने गरेका छन् । मृत्यु भएका बालबालिकाको उनीहरुको संस्कार अनुसार आफैंले काजकिरिया गरिदिने गरेको पोखेलले बताइन् । हिंसापीडित र अभिभावकबिहीन बालबालिकाको उद्धार गर्दै २०७१ सालबाट बालगृह सञ्चालनमा ल्याएको उनले जानकारी दिइन् । झापासहित इलाम, उदयपुर, भोजपुर, मोरङलगायतका जिल्लाका बालबालिका रहेको बताइएको छ ।

स्थानीय समाजसेवी मातृकाप्रसाद सिटौलाले निःशुल्क जग्गा उपलब्ध गराएपछि सो स्थानमा बालआवास गृह निर्माण भएको पोखेलले जानकारी दिइन् । स्थानीयले केही जग्गा उपलब्ध गराएकाले तरकारी खेती समेत गरेको उनको भनाई छ । सुस्त मनस्थिति सरोकार समाज नेपालकी अध्यक्ष पोखरेलले बेवारिसे अवस्थामा रहेका , विपन्न , आमाबुवाले छाडेर गएका बौद्धिक अपाङ्गता भएका बालबालिकालाई प्रहरी , महिला विकास कार्यालयका प्रतिनिधिलगायतले आफ्नो संस्थामा ल्याउने गरेको बताइन् । ती बौद्धिक अपाङ्गता भएका बालबालिकालाई भरणपोषण गर्न समेत बजेट अभाव भएको उनले बताइन् । उनले मासिक रुपमा करिब ६० हजार खर्च हुने गरेको जानकारी दिइन् ।

अध्यक्ष पोखरेलले इक्यान झापासहित सिंगो टिमलाई धन्यवाद दिँदै आगामी दिनमा समेत सहयोग गरिदिन आग्रह गरिन् ।कार्यक्रममा इकयान झापाका अध्यक्ष कार्कीले आगामी दिनमा समेत सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले आफ्नो ब्यक्तिगत तर्फबाट ११ हजार नगद सहयोग गरेका छन् । कार्यक्रममा ३२ हजार नगदसहित खाद्यान्न सामग्री सहयोग गरिएको थियो । कार्यक्रमको सञ्चालन इक्यान झापाका सचिव विशाल सिटौलाले गरेका थिए । यसैबीच इक्यान झापाले सातौं स्थापना दिवसका अवसरमा वनभोज कार्यक्रम समेत सम्पन्न गरेको छ ।


## कुक आवश्यकता

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

सम्पर्क

९८५२६४०४०५ (9852640405)


## चैतदेखि...

२१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन हुँदै आएको छ । यस राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण सङ्कलन गरिने छ ।

गणनामा देशैभर रहेका दर्ता भएका-नभएका ठूला वा साना व्यापार र प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार-व्यवसाय, गैरसरकारी संघसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिने छ ।

यद्यपि अन्तर्राष्ट्रिय संघसंस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकायहरू, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन ।

प्रवक्ता लामिछानेका अनुसार यस गणनामा २०८२ को फागुनसम्म गणनाको पूर्वतयारीका सम्पूर्ण कार्यहरू सम्पन्न गरी चैत १, २०८२ देखि देशैभरका ७७ जिल्ला र सात थप गरी ८४ वटा जिल्ला आर्थिक गणना कार्यालयहरू स्थापना गरिने छ ।

यसका साथै २०८३ को असार मसान्तसम्ममा सबै कार्यालयहरू बन्द गरिने छ । गणनाका लागि मुख्य प्रश्नावली, अधिकृत पुस्तिका, गणना पुस्तिका लगायतका गणना सामग्री निर्माणको कार्यलाई सञ्चालन गरिएको छ । विसं २०८२ फागुन मसान्तसम्म केन्द्रस्तरमा जनशक्ति व्यवस्थापनका कार्यहरू गरिने छ भने जिल्लामा रहने जिल्ला आर्थिक गणना कार्यालयमा स्थायी कर्मचारी र स्थलगत कार्यका लागि करारमा सुपरिवेक्षक तथा गणक खटाउने व्यवस्था गरिएको छ ।

आगामी चैत ३० गतेसम्म विभिन्न चरणमा गरी मुख्य प्रशिक्षक तालिम, अधिकृत तालिम र सुपरिवेक्षक तथा गणक कर्मचारीको तालिम सम्पन्न गरिने छ । यस लगत्तै तथ्याङ्क सङ्कलनका लागि २०८३ वैशाख २ देखि असार ७ गतेसम्म तालिम प्राप्त गणक तथा सुपरिवेक्षकहरू स्थलगत रूपमा खटिने छन् । ससस


## डाक्टर आउने बारे सूचना

आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलब्ध छ ।

**डा. टंकप्रसाद बाराकोटी**

नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ

NMC –2356

प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०

शनिश्चरे रोड , बिर्तामोड


## झापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टाँघनडुब्बा, झापा

### शितलहर सम्बन्धी सतर्कता अपनाउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा हाल देशैभरी बढिरहेको शितलहर तथा चिसोका कारण जनजीवन प्रभावित भइरहेको र झापा गाउँपालिकामा समेत प्रभाव बढिरहेकोले जाडो र चिसोबाट बच्न तपशिल बमोजिमका सावधानी अपनाउन झापा गाउँपालिकाबासीमा हार्दिक अनुरोध गरिन्छ।

१. अत्यावश्यक काम बाहेक बिहान र रातको समयमा बाहिर ननिस्कनुहोस् ।
२. न्यानो लुगा, टोपी, मोजा र कम्बल प्रयोग गर्नुहोस् ।
३. बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई विशेष ध्यान दिनुहोस् ।
४. चिसो बढ्ने समयमा तातो खाना र तातो पेय पदार्थ सेवन गर्नुहोस् ।
५. खुला ठाउँमा बस्ने, असहाय तथा विपन्न व्यक्तिहरूलाई न्यानो कपडा तथा सुरक्षित आश्रयको व्यवस्था गर्न आवश्यक सहयोग एवम् सहजीकरण गर्नुहोस् ।
६. चिसोका कारण ज्वरो, खोकी, सास फेर्न गाह्रो जस्ता समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
७. आगो बाल्दा वा हिटर प्रयोग गर्दा आगलागी र ग्यास चुहावटप्रति सचेत रहनुहोस् ।

साथै कुनै घटना भए वा थप जानकारीका लागि झापा गाउँपालिका विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वि.ओ.पी कुमरखोद तथा पुरानो शरणामतीमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**जनार्दन निरौला**

प्रमुख प्रशासकीय अधिकत

## शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

*चिसो मौसममा सुरक्षित रहौं :*

१.तातो तथा न्यानो कपडा लगाऔं,
२.तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
३. घर तथा कोठा न्यानो बनाऔं,
४. बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
५ न्यानो सिरक ओढेर सुत्ने गरौं
६. जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं
७. चिसोमा हिंडडुल (मर्निङ वाक) नगरौं
८. कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पश्चिमः श्री सिता गुरुङको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री भरत हाङखोप्साङ राई र मेडिन कन्दङ्वाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९० १५९ | १३३९, १३३८ | १६९.३० ,१६९.३० | २०८२/०७ /२० | २०८२/०७ /२३ | २०८२/०९/०९ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री अन्जु रिमालको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री मीना कुमारी भारतीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | १ | १०२७४ | १६९.३० | २०८२/०८ /२४ | २०८२/०८ /२४ | २०८२/०९/१४ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री विवेक मगर, पश्चिम श्रीः अन्जली सुब्बाको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री सीता तामाङले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १८०-००८१ | ५८३ | १५२.३८ | २०७९/१२ /२९ | २०८०/०५ /१६ | २०८१/०८/२४ |

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# स्वार्थका लागि गठबन्धन

नयाँ वा पुराना सबै दलहरु यतिबेला चुनावी गठबन्धन गरिरहेका छन् । आफूलाई पृथक दावी गर्ने दल तथा घटकहरूबीच मात्र निर्वाचन जित्न एकता भइसकेको छ।

नयाँ दलहरू एक ठाउँ आएपछि ठूलो दबाबमा परेका पुराना तथा प्रमुख भनिएका दलहरू पनि मोर्चाबन्दी कस्नेतर्फ उन्मुख देखिन्छन्।

जेनजी आन्दोलनकै कारण सत्ताबाट बहिर्गमित भएका नेपाली कांग्रेस र नेकपा एमाले तथा आसन्न निर्वाचनलाई नै लक्षित गरेर विभिन्न १७ घटकहरूबीच एकता भएर बनेको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) चुनावी गठबन्धन गर्ने गृहकार्यमा जुटेका छन्।

नेताहरूले गठबन्धन गर्न चाहे भने सर्वसाधारण मतदाताले मानिहाल्छन् भन्ने अवस्था रहेन । दल र तिनका नेताले आफूलाई मन नपर्ने विषयमा सहमति गरेर मान्न भनेमा मतदाता तयार भइहाल्दैनन् भन्ने प्रस्ट संकेत पनि अहिले मिलेको छ।

दलले आफ्ना कार्यकर्ता र मतदातालाई गठबन्धन संस्कृतिको महत्व बुझाउँदै राजनीतिक दर्शन वा अन्य निकटताका आधारमा तालमेल अघि बढाएको भए त्यसको नतिजा फरक हुन सक्थ्यो निर्वाचनपछि दलहरूबीच गठबन्धन गर्नुपर्ने बाध्यता रहन्छ । तर, त्यस्तो गठबन्धन क्षणिक स्वार्थका लागि मात्रै हुने गरेकाले त्यसपछिको राजनीति सदैव अस्थिर हुने गरेको छ । बृहत्तर हितका लागि गठबन्धन हुने हो भने आममतदातालाई पनि चित्त बुझ्छ तर हामीकहाँ मौलाएको गठबन्धन संस्कृति भने सत्तासाझेदारीको स्वार्थ केन्द्रित छ । विगतमा राजनीतिक अस्थिरताका कारण संसदीय राजनीतिमा सांसद खरिदबिक्रीसम्मको विकृति पनि देखिएकै हो । आफ्नै समर्थनमा बनेको सरकार ढालेर विपक्षी गठबन्धनमा उभिने अभ्यास पनि लुकेको विषय होइन । आफैं सहभागी सरकार गिराउन भूमिका खेली अर्को गठवन्धन बनाउने र त्यसमा पनि सरकारमा नै रहने अविश्वसनीय व्यवहार राजनीतिमा 'मुसा प्रवृत्ति' का रुपमा चर्चित बनिसकेको छ । 'बहुजन हिताय बहुजन सुखाय' को मूल मन्त्र आत्मसात् गरेको गठबन्धन संस्कृति मुलुकका निम्ति अपरिहार्य छ । तर, दु:खका साथ भन्नुपर्छ, यस्तो उदात्त भावना लोकतान्त्रिक भनिएको व्यवस्थामा समेत उदाउन नसक्दा आम जनतामा दिक्दारी उत्पन्न हुन्छ । अत: धेरै मानिसको हितका निम्ति चुनावअघि गठबन्धन बनाउने वा चुनावपछि गठबन्धनको विकृत स्वरुप प्रस्तुत गर्ने भन्ने विषयमा बहस जरुरी छ ।

राजनीतिक स्थिरता, मुलुकको समृद्धि र अग्रगमनलाई केन्द्रमा राखी गठबन्धन संस्कृति अघि बढाउन आवश्यक छ । त्यसो भयो भने मात्र दलहरूबीच हुने चुनावी तालमेलको सार्थकता रहन्छ र त्यो दलका नेता/कार्यकर्तादेखि मतदातासम्मका लागि स्वीकार्य पनि हुन्छ ।




# देशको भाग्य परीक्षा



• सुमनप्रसाद अधिकारी

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि मुलुक अपेक्षाकृत स्थिरतातर्फ उन्मुख हुने विश्वास गरिएको थियो तर त्यसो हुन सकेन । २०८२ फागुन २१ मा निर्धारित संघीय संसद्को निर्वाचन कुनै पनि दृष्टिकोणबाट सामान्य आवधिक निर्वाचन मात्र होइन । यो निर्वाचन देशले अभूतपूर्व राजनीतिक सङ्कट र अपूरणीय क्षति व्यहोरेर प्राप्त गरेको एक असाधारण सङ्क्रमणकालीन क्षण हो, जसले लोकतान्त्रिक प्रणालीको गहिरो संरचनात्मक कमजोरीलाई उजागर गरेको छ । २०८२ भदौसम्मको राजनीतिक अवस्थाले राज्य र नागरिकबिचको विश्वासलाई पूर्ण रूपमा भत्काएको थियो । परिणाम स्वरूप युवापुस्ताको नेतृत्वमा भएको आन्दोलनले सरकारको पतन गरायो, दर्जनौँको ज्यान लियो र संस्थागत संरचनामा आगजनी भयो । यस सन्दर्भमा गम्भीर प्रश्न उठ्छः हामी के क्रमभङ्गता गर्दै छौँ ? के नयाँ विधि, पद्धति र राजनीतिक संस्कार स्थापित गर्दै छौँ ? भदौसम्म विद्यमान समस्या-भ्रष्टाचार, परिवारवाद, युवा पलायन, संस्थागत कमजोरी र शक्तिको असन्तुलित वितरणलाई फागुनबाट कसरी बिदाइ गर्दै छौँ ? यो निर्वाचनले राजनीतिक संवादको गुणस्तर, संस्थागत क्षमता र समावेशी शक्ति वितरणमा वास्तविक सुधार ल्याउन सक्छ कि फेरि पुरानो संरचनाको निरन्तरता मात्र हुने छ ?

नेपालको राजनीतिक इतिहासलाई संस्थागत विकासको सिद्धान्तबाट विश्लेषण गर्दा, विभिन्न कालखण्डका जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलनले राजतन्त्रको अन्त्य गरी समावेशी संघीय लोकतन्त्रको आधार तयार पारेको थियो । संविधानले शक्ति विकेन्द्रीकरण, समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको वाचा गरेको थियो । व्यावहारिक कार्यान्वयनमा यो वाचा आंशिक र विकृत रूपमा मात्र पूरा भयो । २०७४ र २०७९ का निर्वाचनले स्थिर सरकारको आशा जगाए पनि, दलहरूको आन्तरिक कलह, सत्ता केन्द्रीकरण र भ्रष्टाचारका आरोपहरूले अस्थिरता कायम राख्यो । २०८२ भदौसम्मको अवस्था यसको चरमोत्कर्ष थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले सामाजिक सञ्जाल नियमनको नाममा २६ वटा प्रमुख प्लेटफर्ममा प्रतिबन्ध लगाउने निर्णय गर्‍यो, जसलाई अन्तर्राष्ट्रिय मानव अधिकार सङ्गठनले अभिव्यक्ति स्वतन्त्रतामाथिको आक्रमणका रूपमा व्याख्या गरे । यो प्रतिबन्धको पृष्ठभूमिमा नेपोबेबी जस्ता ट्रेन्ड थिए, जसले राजनीतिक नेतृत्वका सन्तानको विलासी जीवनशैली र सामान्य युवाको आर्थिक सङ्कटबिचको खाडललाई उजागर गरेका थिए । उच्च बेरोजगारी दर (२० प्रतिशतभन्दा माथि युवामा), वैदेशिक रोजगारीका लागि ठुलो पलायन र आर्थिक अवसरको अभावले युवा पुस्तामा सञ्चित असन्तुष्टिले विस्फोटको रूप लियो ।

प्रतिबन्धले जनरेसन जेडको नेतृत्वमा देशव्यापी प्रदर्शन निम्त्यायो । प्रारम्भका शान्तिपूर्ण प्रदर्शन राज्यको दमनकारी प्रतिक्रियाले हिंसात्मक बने, सुरक्षार्मीको गोली लागेर ५० भन्दा बढी प्रदर्शनकारीको मृत्यु भयो, जसमा बालबालिका पनि समावेश थिए । संसद् भवन, सर्वोच्च अदालत, सिंहदरबार जस्ता प्रतीकात्मक संस्थाहरूमा आगजनी भयो, राजनीतिज्ञको निवासमा आक्रमण भयो र कैयौँ स्थानमा लुटपाट भयो । यो हिंसा सामाजिक सञ्जाल प्रतिबन्धको मात्र प्रतिक्रिया थिएन; यो दशकौँदेखिको संरचनात्मक असमानता, भ्रष्टाचारका ठुला काण्डहरू र युवापुस्ताको भविष्यमाथि अनिश्चयको परिणाम थियो । दक्षिण एसियाली सन्दर्भमा हेर्दा, यो आन्दोलन श्रीङ्लकाको २०२२ र बङ्गलादेशको २०२४ को युवा विद्रोहसँग तुलनीय छ, जसले आर्थिक सङ्कट र 'इलिटिस्ट' शासनको अन्त्यको माग गरेका थिए । नेपालमा पनि प्रदर्शनकारीले भ्रष्टाचारको अन्त्य, परिवारवादको उन्मूलन र नयाँ पुस्ताको नेतृत्वको माग गरे । प्रदर्शनकारीले डिस्कर्ड जस्ता वैकल्पिक प्लेटफर्म प्रयोग गरी अन्तरिम नेतृत्व चयनको प्रक्रियासमेत सञ्चालन गरे, जसले डिजिटल युगको राजनीतिक सक्रियतालाई नयाँ आयाम दियो ।

यो सङ्कटको परिणामस्वरूप प्रधानमन्त्री ओलीको राजीनामा आयो । संसद् विघटन गरी पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो र फागुन २१ मा निर्वाचनको मिति तोकियो । कार्की नेपालकी पहिलो महिला प्रधानमन्त्री बन्नुभयो । अन्तरिम सरकारलाई भ्रष्टाचार अनुसन्धान र निर्वाचन तयारीको जिम्मेवारी दिइएको छ । यो निर्वाचन अब केवल २७५ सांसद चयनको प्रक्रिया मात्र होइन; यो लोकतान्त्रिक प्रणालीको पुनर्संरचना र नयाँ सामाजिक करारको अवसर हो । प्रश्न यो छ कि यो अवसरलाई संस्थागत सुधारको माध्यम बनाउन सकिन्छ कि पुराना दलको सत्ता स्वार्थले फेरि खेर फालिने छ ?

राजनीतिक संस्कारको विश्लेषण गर्दा, नेपालका प्रमुख दल नेपाली कांग्रेस र नेकपा (एमाले) मा आन्तरिक लोकतन्त्रको अभाव गम्भीर समस्याका रूपमा रहेको छ । नेतृत्व चयन परिवारवाद, बफादारी र गुटबन्दीमा आधारित छ, जसले नयाँ पुस्ता र महिलालाई अर्थपूर्ण सहभागिताबाट वञ्चित गरेको छ । प्रदर्शनहरूले यो परिवारवादलाई केन्द्रीय मुद्दा बनाएका थिए । निर्वाचनपछि दलहरूले आन्तरिक सुधार, खुला प्रतिस्पर्धा, युवा कोटा र नीति निर्माणमा पारदर्शिता अपनाउनु पर्छ । वर्तमान सङ्केत उत्साहजनक छैनन् । पुराना दलले संसद् पुनर्स्थापनाका लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन्, जसले आन्दोलनको जनादेशलाई अस्वीकार गरेको ठहर्छ । एमालेले ओलीलाई फेरि अध्यक्ष चयन गरेको छ, जसलाई युवा विद्रोहको प्रत्यक्ष अस्वीकारका रूपमा हेरिएको छ । यस्तो प्रवृत्तिले राजनीतिक संस्कारमा सुधारको सट्टा पुरानै पितृसत्तात्मक संरचनाको निरन्तरता देखाउँछ । तुलनात्मक रूपमा, दक्षिण एसियाली लोकतन्त्रमा यस्तो ' इलिटिजम' ले बारम्बार सङ्कट निम्त्याएको छ, जसको उदाहरण बङ्गलादेशको हालको अस्थिरता हो ।

संवादको गुणस्तर अर्को कमजोरी हो । नेपालको राजनीतिमा संवाद सत्ता बाँडफाँटको बार्गेनिङमा सीमित छ, नीतिगत बहस होइन । प्रदर्शनहरूले राज्यले युवाको डिजिटल संवादलाई दमन गरेको उजागर गरे । फागुनपछि संवादको नयाँ पद्धति-डिजिटल प्लेटफर्मको संस्थागत मान्यता, तथ्यमा आधारित बहस र समावेशी मञ्चहरू-स्थापना हुनु पर्छ । निर्वाचन आयोगले एआईको दुरुपयोग रोक्ने आचारसंहिता जारी गरेको छ, जसले डिजिटल युगको चुनौतीलाई सम्बोधन गर्ने प्रयास हो । यो पर्याप्त छैन; दलहरूले आफ्नो अभ्यास परिवर्तन गरी संवादलाई लोकतान्त्रिक बनाउनु पर्छ । अन्तर ाष्ट्रिय जगत्‌बाट हेर्दा, नेपालको यो अनुभवले डिजिटल अधिकार र युवा सक्रियताको वैश्विक प्रवृत्तिलाई प्रतिविम्बित गर्छ, जसमा सामाजिक सञ्जालले परम्परागत शक्तिलाई चुनौती दिइरहेको छ ।

संस्थागत क्षमताको सन्दर्भमा, न्यायपालिका, निर्वाचन आयोग र अख्तियार जस्ता संस्थाहरू राजनीतिक प्रभावबाट ग्रस्त छन् । प्रदर्शनकारीले भ्रष्टाचारका आरोपितमाथि कारबाहीको माग गरेका थिए । अन्तरिम सरकारले केही अनुसन्धान आयोग गठन गरेको छ तर संस्थागत स्वतन्त्रताका लागि संरचनात्मक सुधार-न्यायिक नियुक्तिमा पारदर्शिता, अख्तियारको सुदृढीकरण आवश्यक छ । शक्तिको वितरणमा सङ्घीयताको असन्तुलन प्रमुख चुनौती हो । प्रदेश र स्थानीय तहलाई अधिकार दिए पनि केन्द्रीय हस्तक्षेप कायम छ । यो निर्वाचनले संघीयतालाई सुदृढ गर्ने अवसर हो तर दलहरूको केन्द्रीकृत संरचना र पुराना नेतृत्वको प्रभुत्वले यो सम्भव देखिँदैन । आर्थिक रूपमा, आन्दोलनले धेरैभन्दा धेरै क्षति पुर्‍याएको अनुमान छ, जसले संस्थागत कमजोरीलाई उजागर गर्छ ।

नयाँ पुस्ताको प्रवेश यो निर्वाचनको सबैभन्दा आशाजनक पक्ष हो । प्रदर्शनबाट प्रेरित नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल पार्टी र काठमाडौँका मेयरको एकताले पुराना दललाई चुनौती दिँदै छन् । यी नयाँ शक्तिले अर्थपूर्ण सिट प्राप्त गरे भने राजनीतिक संस्कारमा परिवर्तन सम्भव छ । पुराना दलहरूले गठबन्धन गरी नयाँ शक्तिलाई रोक्ने प्रयास गरेमा यो अवसर खेर जाने छ । निर्वाचन आयोगको तथ्याङ्क अनुसार, यो निर्वाचनमा सबैभन्दा बढी दल प्रतिस्पर्धा गर्दै छन्, जसले राजनीतिक विविधताको नयाँ युगको सङ्केत गर्छ । सुरक्षा चुनौती लुटिएका हतियारको बरामद नहुनु, कैदीहरूको फरारले निर्वाचनलाई जोखिमपूर्ण बनाएको छ ।

अन्तर्राष्ट्रिय दृष्टिकोणबाट, नेपालको यो सङ्क्रमण दक्षिण एसियाली लोकतन्त्रको साझा सङ्कट झल्काउँछ । भारत, चीन र पश्चिमी शक्तिले नेपाललाई आफ्नो प्रभाव क्षेत्र मान्छन् तर युवा आन्दोलनले बाह्य हस्तक्षेपको सीमा देखाएको छ । नेपालले संस्थागत सुधार र समावेशी विकासको मोडल प्रस्तुत गर्‍यो भने, यो क्षेत्रीय स्तरमा प्रेरणाको स्रोत बन्न सक्छ । पुरानो चक्रमा फसेमा, अर्को सङ्कट अपरिहार्य हुने छ ।

अब हुने निर्वाचन नेपालको लोकतान्त्रिक इतिहासको निर्णायक मोड हो । भदौसम्मको सङ्कटले पुरानो प्रणालीको असफलता प्रमाणित गर्‍यो । अब फागुनबाट नयाँ सुरुवात हुनु पर्छ । जहाँ राजनीतिक संस्कार समावेशी बन्छ, संवाद सार्थक र तथ्यमा आधारित हुन्छ, संस्थाहरू स्वतन्त्र र सक्षम बन्छन् र शक्तिको वितरण सन्तुलित हुन्छ । यो निर्वाचनले यी संरचनात्मक प्रश्नहरूको उत्तर दिन असफल भयो भने, अपूरणीय क्षति अझ बढ्ने छ र युवा निराशा फेरि विस्फोट हुन सक्छ । जनादेशलाई सम्मान गरी नयाँ पद्धति स्थापना गरियो भने यो सङ्कट परिवर्तनको उत्प्रेरक बन्ने छ । नेपालको भविष्य मतदाताको विवेकमा निर्भर छ । यो मतदानले आगामी दशकको दिशा निर्धारण गर्ने छ । यो केवल निर्वाचन होइन; यो लोकतन्त्रको पुनर्जन्मको अवसर हो ।-गोप

# मुलुक यो अवस्थामा कसरी आयो ?



•डा. रामचन्द्र अधिकारी

मुलुक यो अवस्थामा कसरी आयो ? भन्ने प्रसंग जोड्नमात्र खोजेको हो। मुलुकमा आज जुन अवस्था सिर्जना भएको छ, त्यसका मुख्य कारक राजा महेन्द्र नै हुन्। उनीसँग प्रत्यक्ष भेटको होइन, कुनै रिसइबी पनि छैन। २०१९ सालको संविधान जुन राजा महेन्द्र आफैंले दिएका थिए। जसमा संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्र सन्तुलित रूपमा सँगै अघि बढाउने व्यवस्था थियो। जसले नेपाली जनतालाई मौलिक अधिकार दिएको थियो। २००७ सालको जनक्रान्तिबाट सदियौंदेखि रैती र दासको अवस्थामा रहेका नेपाली जनतालाई स्वतन्त्र नागरिकको हैसियत दिएको थियो। त्यही क्रान्तिलाई संस्थागत गर्न संविधान बनेको थियो।

नेपाली जनतालाई उपहारका रूपमा आफैंले दिएको संविधानलाई दुई वर्ष नपुग्दै राजा महेन्द्र आफैंले २०१७ पुस १ गते खारेज गरेर नेपाली जनतालाई धोका दिए। त्यसपछि उनले सेनाको बलमा आफ्नै निरंकुश नेतृत्वमा पञ्चायती व्यवस्था जबरजस्त लागू गरे, त्यतिबेला दुईतिहाइ जनमतले बनेको बीपी कोइराला नेतृत्वको कांग्रेसको जननिर्वाचित सरकार बरखास्त गरे। पार्टीहरू माथि प्रतिबन्धलगायत जनताले लेख्न, बोल्न सभा सम्मेलन गर्न नपाउने गरी कडा प्रतिबन्ध लगाए।

पूर्वप्रधानमन्त्री बीपी कोइरालासहित देशैभरका हजारौं नेता कार्यकर्तालाई धरपकड गरी जेलनेलको यातना दिए। जनतालाई फेरि रैती र दासको युगतिर धकेलिदिए। बीपीसहित देशभक्त एवं प्रजातन्त्रप्रेमी जनतालाई अराष्ट्रिय तत्व र प्रजातन्त्रविरोधी अवसरवादी चाकडीदार हरूलाई राष्ट्रबादी भनियो। यसरी संवैधानिक राजा मान्ने सिंगो नेपाली जनतालाई फुटाएर आधाभन्दा बढीलाई राजाविरोधी कित्तातिर धकेलियो। महेन्द्र आफैंले राजसंस्था कमजोर पार्ने कामको थालनी गरे। राजसंस्था वा राजाप्रतिको जनविश्वास घट्दै जान थाल्यो। 'राजा, सबैका साझा' भन्ने जनविश्वास खण्डित भयो। २०१७ सालदेखि जनताका हकअधिकार खोसेर निर्दलीय व्यवस्थाका नायक बनेर हुकुमी शासन चलाउँदै आएका उनको ५२ वर्षकै उमेरमा २०२८ सालमा निधन भयो। यसरी, २०११ सालदेखि २०२८ सालसम्म १६ वर्ष शासन गरेका राजा महेन्द्र युग समाप्त भयो।

२०२८ बाट तत्कालीन युवराज वीरेन्द्र राजा भए। उनले पिताभन्दा अलि बढी उदारवादी राजा बन्ने बाटो रोजे। तर दक्षिणपन्थी अतिवादी दरबारिया पञ्चले उनलाई महेन्द्र पथकै साँघुरो बाटो हिँडाउने चेष्टा गरे। त्यसलै २०३६ जेठ १० गते उनले जनमत संग्रहको घोषणा गरे। सुधारिएको पञ्चायत वा बहुदलीय व्यवस्थाबीचको छनोट थियो, जनमत संग्रह। जुन घोषणा राजा वीरेन्द्रले आफ्नो एक्लो आँटले गरे, जुन सुन्नासाथ दरबारमा खैलाबैला मच्चियो। राजाले आफूसँग नसोधी जनमत संग्रहको घोषणा गरेको भन्दै महेन्द्र पथगामी तत्कालीन राजकुमार ज्ञानेन्द्र शाह, सूर्यबहादुर थापासहितका दरबारिया पञ्चहरूले घेरा हाले। 'महेन्द्रले स्थापना गरेको निर्दलीय व्यवस्थालाई जिताउँछु' भनेर कबुल गर नभए राजगद्दी छोड भन्ने धम्की दिए। राजा वीरेन्द्रले गद्दी छाड्न सकेनन्। पञ्चायत जिताउँछु भन्ने वाचा गरे।

### बीपी विचार

२०३६ सालको जनमत संग्रहका बेला बीपी कोइराला नेपालमै हुनुहुन्थ्यो। २०१६ सालमा ८ वर्ष जेल जीवन बिताएर बाहिर निस्किएका बीपीले विराटनगरको एलिट क्लबमा आयोजित सभामा दिएको विचारोत्तेजक भाषणले युवा क्रान्तिका लागि जुर्मुराए। बीपीप्रतिका जनविश्वास बढ्दै जाने डरले सूर्यबहादुर थापाले बीपी नेपालमा बस्दा फेरि जेल जानुपर्ने हुन्छ। तसर्थ, भारत निर्वाचनमा जाँदा राम्रो होला भन्ने कपटपूर्ण सल्लाह दिए। बीपीलाई प्रवासमा जान बाध्य पारे। उनले वनारस बसेर नेपालमा निदलीय पञ्चायत ढाल्न सशस्त्र क्रान्तिको घोषणा गरे। त्यसमा जुझारु युवा र प्रजातन्त्रका योद्धाहरू सामेल हुने वाचा गरे। क्रान्तिको घोषणापछि देशव्यापी रूपमा सशस्त्र विद्रोह सुरु भयो। ठाउँठाउँमा बम विस्फोट, प्रहरी चौकीमाथि हमला हुन थाल्यो। सयौं क्रान्तिकारी योद्धालाई घेरा हालेर शाही सेनाले रातको समयमा गोली ठोकेर मारे। यो घटनाबाट बीपी निकै चिन्तित भए। त्यसपछि उनले सशस्त्र क्रान्तिको योजना स्थगित गरे।

त्यसपछि नेपालको राष्ट्रियता कमजोर हुँदै गयो। राजा एक्लै हुन थालेको विषयमा गम्भीर चिन्तन मनन् हुन थाल्यो। आफूमाथि देशद्रोहका आरोपमा लगाइएका आठ वटा संघीन मुद्दाको खतरा प्रवाह नगरी राष्ट्रिय मेलमिलापको नीति लिएर २०३३ पुस १६ गते बीपी गणेशमान सिंहसहित नेपाल फर्किए। उनीहरूको स्वागतका लागि त्रिभुवन विमानस्थल पुगेका कांग्रेसका नेता, कार्यकर्ताहरूलाई लाठी चार्ज गरियो। लखेटेर बीपीसहितका नेतालाई सुन्दरीजल जेलमा राखियो। बीपी स्वदेश फर्केपछि कांग्रेसका कार्यकर्तामा उत्साह थपियो। यता पञ्चायती सरकारले व्यवस्थालाई अझ कसिलो पार्दै मुलुकमा गाउँ फर्क अभियान सुरु गर्‍यो। त्यसले पञ्चायतमा 'इलेक्सन'को सट्टा 'सेलेक्सन' सुरु गर्‍यो। गाउँ फर्कले तोकेका उम्मेदवार मात्र चुनावमा उठ्न पाउने भए।

यस क्रममा देशैभर कट्टर पञ्चहरूले बीपीलाई फाँसी देऊ भनी नारा लगाए। यस्तो स्थितिमा पनि सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश गोविन्द श्रेष्ठको इजलासले बीपीविरुद्धका सबै मुद्दामा सफाइ दियो। त्यतिबेला उनले अदालतमा दिएको बयान सर्वोच्च अदालतको इतिहासमा एउटा ऐतिहासिक दस्तावेज बनेर रहेको छ। त्यसपछि बीपी जेलबाट छुटेर चाबहिल जय बागेश्वरीको पुरानो एकतले घरमा बस्न थाले। उनलाई भेट्नेहरूको भिड लाग्न थाल्यो। २०३५ चैत्रमा पाकिस्तानका तत्कालीन प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई त्यहाँको सैनिक शासक जिया उल हकले फाँसीको सजाय दिए। रातको १२ बजे फाँसीमा झुन्ड्याएर मारे।

बिहान झिसमिसे नहुँदै भुट्टोको लास हेलिकप्टरमा राखेर उनकै गाउँको घर सिन्द प्रान्तमा पुर्‍यायो। भोलिपल्ट भुट्टोलाई फाँसी दिएको विरुद्ध ज्ञापनपत्र दिन पाकिस्तानी राजदूतावास पुगेका नेपाली विद्यार्थीलाई प्रहरीले अन्धाधुन्ध लाठीचार्ज गरेर धेरै विद्यार्थीलाई घाइते बनायो। त्यसपछि २०३६ सालको ऐतिहासिक विद्यार्थी आन्दोलन चर्कँदै गयो। यसै क्रममा २०३६ जेठ ८ गते राति अमृत साइन्स कलेजको छात्रावासमा खाना खाँदै गरेका विद्यार्थीमाथि प्रहरीले लाठीचार्ज गर्‍यो। छतबाट खसाल्दा ८ विद्यार्थीको मृत्यु भयो। त्यसविरुद्ध ९ गते न्युरोड गेटअगाडि पञ्चायत समर्थक मण्डले विद्यार्थीको सानो जमातले विद्यार्थी आन्दोलनका नेता बलबहादुर केसीसहितका विद्यार्थी नेतालाई कालो मोसो दले।

नाराबाजी गरेपछि पेट्रोलपम्पमा कसैले आगो लगायो। पेट्रोलपम्पको आगोको लप्का न्युरोड र वीर अस्पताल क्षेत्रसम्म फैलन सक्ने डर र आशंका बढ्यो। ठुलो कोलाहल मच्चियो। संयोग, दमकलले आगो नियन्त्रणमा लिन सक्यो र जनधनको क्षति हुन पाएन। आन्दोलनको यस्तो भयावह अवस्था देखेपछि राजा वीरेन्द्र संवेदनशील बने। २०३६ जेठ १० गते बिहानै विद्यार्थीका सबै माग पूरा गरी जनमत संग्रहको घोषणा गरे। यसरी विद्यार्थी आन्दोलन साम्य भयो। जनमत संग्रहको घोषणापछि ११ जेठमा काठमाडौंको टुँडिखेलमा बहुदल पक्षधर नेता कार्यकर्ताको ठूलो आमसभा भयो। जसलाई बीपीसहितका नेताले संशोधन गरे। जनमत संग्रहमा बहुदल पक्षधर कांग्रेससहितका प्रतिबन्धित पार्टीहरूले भाग लिए। प्रचारप्रसार गरे, बहुदलका पक्षमा भोट दिए। माहोल बहुदलको पक्षमा थियो तर जित भने निर्दलको भयो भन्ने नतिजा सुनाइयो। धाँधलीपूर्ण जनमत संग्रहको नतिजा स्वीकार नगर्न बीपीलाई गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी र सहाना प्रधानजस्ता बहुदलवादी नेताहरूले दबाब दिएका थिए। तर बीपीले 'जनमत संग्रह एउटा खेल थियो, खेलमा हार-जित हुन्छ। हारियो भन्दैमा नतिजा मान्दिनँ भन्न मिल्दैन म परिणाम स्वीकार्छु' भन्दै वक्तव्य निकाले। त्यसपछि सुधारिएको भनिएको पञ्चायतको बालिग मताधिकारसहितको राष्ट्रिय पञ्चायतको चुनाव हुने भयो। बीपीको विचारमा पञ्चायत अनुदारवादी व्यवस्था भए पनि वालिग मताधिकारको आधारमा हुने चुनावमा राजाले केही सर्त स्वीकारेमा २० लाख बहुदलवादीलाई राजाकै नेतृत्वमा पञ्चायतमा प्रवेश गराउने बीपीको विचार कट्टरपन्थी दरबारिया पञ्चहरूले सफल हुन दिएनन्। निर्दल, बहुदल दुवै पक्षको एकताले नेपालको राष्ट्रियता र राजसंस्था बलियो र दिगो हुने बीपीको सुझाव अस्वीकार गर्दा देशले अहिलेको दुर्दशा भोग्न परिरहेको छ।

### प्रचण्ड पथ

नेपालमा संसदीय व्यवस्थाको स्थायित्व स्थिरता र विकास देख्न नचाहने स्वयं राजा भारत र पश्चिमा शक्तिले १७ हजार निर्दोष नेपाली जनताको हत्या हुने गरी भएको माओवादी सशस्त्र विद्रोहको पक्षपोषण गरे। बाहिर देखाउन प्रचण्डपथ भनिए पनि त्यसमा भित्रबाट जातीय र क्षत्रीयकरण गरेर नेपालमा द्वन्द्व मच्चाउने प्रचण्डपथको मनशाय बुझिन्छ। प्रचण्ड स्वयं भन्ने गर्छन्, 'म बाँचुन्जेल नेपालमा उथलपुथल भइरहन्छ।'

अन्तमा, राजा ज्ञानेन्द्रले महेन्द्र पथको अनुसरण गर्दा राजसंस्था ढल्यो। प्रचण्डपथले मुलुकलाई कहाँ पुर्‍याउने हो ? निश्चित छैन। बीपी विचारलाई तत्कालीन राजा र समकालीन नेपाली नेताहरूले बुझिदिएका भए नेपालमा अहिलेको स्थिति आउने थिएन। बीपीले नेपालको राष्ट्रियता बलियो बनाउन राजशक्ति र जनशक्तिलाई मिलाएर लाने प्रयत्न गरे पनि सफल हुन दिइएन। बीपीको सुझाव मानेको भए नेपालको राष्ट्रियता मजबुत हुने थियो। अ.पू.बाट

# १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना खुल्दै

झापा । सरकारले 'निर्वाचन प्रहरी भर्ना, छनोट नियुक्ति र परिचालनसम्बन्धी मापदण्ड-२०८२' स्वीकृत गरेको छ । २१ फागुनका लागि तय भएको प्रतिनिधि सभा सदस्य निर्वाचन सुरक्षाका लागि १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना गर्ने गरी मापदण्ड स्वीकृत गरेको हो ।
१० दिन तालिम र ३० दिन कार्यस्थलमा खटिने गरी निर्वाचन प्रहरी भर्ना, छनोट नियुक्ति र परिचालनसम्बन्धी मापदण्ड स्वीकृत भएको गृह मन्त्रालयले जनाएको छ ।
गृह मन्त्रालयका अनुसार नेपाल प्रहरी मातहत रहने गरी १ लाख ३३ हजार ९ सय ८० र सशस्त्र प्रहरी बल (एपीएफ) मातहत परिचालन हुने गरी मापदण्ड स्वीकृत गरिएको हो ।
भर्ना हुने म्यादीलाई प्रहरी र सशस्त्र प्रहरीका जवानले पाउने आधारभूत तलबमानअनुसार तलब, पोसाकलगायत सेवासुविधा उपलब्ध गराइने छ । रासन सुविधा सम्बन्धित जिल्लाको दररेट अनुसार दिइने छ । रासन, मासिक तलब र पोसाकबापतको खर्च सम्बन्धित व्यक्तिकै बैंक खातामा उपलब्ध गराइने छ । यसका अलवा म्यादी छनोटपछि आउने र जाने तयारी खर्च अन्तर्गत प्रतिव्यक्ति ८ सय ४६ रुपैयाँ, ४ दिनको खाजा खर्च एकमुष्ट १२ सय दिइने छ । पोसाक भत्ता हिमाल, पहाड र तराई/मधेस अनुसार फरक फरक हुने उल्लेख छ ।
नेपाल प्रहरीका लागि निलो डांग्री कपडा, टोपीसहितको हुने छ । सशस्त्र मातहत खटिने निर्वाचन प्रहरीको हकमा सशस्त्रको पोसाकसँग मिल्दोजुल्दो कपडा र टोपी हुनुपर्ने छ ।
निर्वाचनमा नियमित सुरक्षाअन्तर्गत खटिने जनशक्तिलाई निर्वाचन प्रहरीलाई दिए सरह १२ सय रुपैयाँ खाजा खर्च दिइने छ ।
भर्ना सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा निर्वाचन प्रहरी छनौट तथा नियुक्ति समिति रहने मापदण्डमा उल्लेख छ । छनोटका लागि जिल्ला प्रहरी कार्यालय र सशस्त्रको हकमा सशस्त्रको जिल्लास्थित गण/गुल्ममा निवेदन दिन सकिने छ । नियुक्तिका लागि दुवै प्रहरीले आ-आफ्नो जवान सरहको पाठ्यक्रमका आधारमा छनोट विधि तय हुने मापदण्डमा उल्लेख छ । १८ वर्षदेखि ५४ वर्ष उमेर समूहका मानिसले भर्नाका लागि आवेदन दिन सक्नेछन् ।
पूर्व सुरक्षाकर्मी, पूर्व वनरक्षक, तीनवटै सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी)का पुष मसान्तसम्म विभिन्न पदमा आवेदन दिई शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएका, विगतका म्यादी प्रहरी र विदेशी राष्ट्रका सुरक्षा निकायमा काम गरी सेवा निवृत्त सुरक्षाकर्मीलाई छनोटमा प्राथमिकता दिइने गरी मापदण्ड बनाइएको छ ।
गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले निर्वाचन प्रहरी भर्नासम्बन्धी मापदण्ड स्वीकृत गरी दुवै प्रहरी प्रधान कार्यालयलाई पठाइएको जानकारी दिए । गृह मन्त्रालयले मापदण्ड स्वीकृत गरेसँगै अब दुवै निकायले पाठ्यक्रम तय गरी भर्ना छनोटको काम अघि बढाउने जनाइएको छ । २१ फागुनमा प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सिटका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन हुँदैछ । त्यसका लागि निर्वाचन आयोगले १० हजार ९ सय ६७ मतदान स्थल र २३ हजार १ सय १२ मतदान केन्द्र निर्धारण गरिसकेको छ । तय भएका मतदान स्थलमध्ये एकतिहाइ अर्थात् ३ हजार ६ सय ८० स्थललाई अति संवेदनशील सूचीमा समेटिएको छ । ४ हजार ४ सय ४२ मतदान स्थल संवेदनशील र २ हजार ८ सय ४५ स्थललाई सामान्य चुनौतीका रूपमा समेटिएको छ ।
आसन्न निर्वाचनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र 'निर्वाचन प्रहरी' गरी सवा ३ लाख सुरक्षाकर्मी परिचालन गर्ने तयारी छ । त्यहीअन्तर्गत करिब डेढ लाख निर्वाचन प्रहरी भर्ना गर्न मापदण्ड स्वीकृत भएको हो । निर्वाचन सुरक्षामा सेनाका ७९ हजार ७ सय २७, प्रहरीका ७१ हजार ६ सय २०, सशस्त्र प्रहरीका ३५ हजार १ सय १६, अनुसन्धान विभागका १ हजार ९ सय जनशक्ति खटाउन यसअघि नै निर्णय भइसकेको छ ।
मंसिर २०७९ मा सम्पन्न प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनका लागि १० हजार ८ सय ७९ मतदान स्थल र २२ हजार २ सय २७ मतदान केन्द्र तोकिएकामा यस पटक ७५ वटा मतदान स्थल र ८ सय ७५ केन्द्र थपिएका छन् । सोहीअनुसार सुरक्षाकर्मीको संख्या पनि बढाउन लागिएको हो ।२०७९ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा १ करोड ७९ लाख ८८ हजार ५ सय ७० मतदाता थिए । यो पटक सवा ९ लाख मतदाता थप भई १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाता पुगेका छन् ।

# नयाँहरूको 'एकता'विरुद्ध पुरानाहरू संगठित हुँदै

झापा । नयाँ र आफूलाई पृथक दावी गर्ने दल तथा घटकहरूबीच आमनिर्वाचन लक्षित एकता भइसकेको छ।
जेनजी विद्रोहपछिको प्रमुख शक्ति बन्ने उद्देश्यका साथ काठमाडौँ महानगरका प्रमुख बालेन्द्र साह र अन्तरिम सरकारका मन्त्रीसमेत रहेका कुलमान घिसिङको उज्यालो नेपाल पार्टी (उनेपा) राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा समाहित भइसकेका छन्।
यसरी नयाँहरू एक ठाउँ आएपछि ठूलो दबाबमा परेका पुराना तथा प्रमुख भनिएका दलहरू पनि मोर्चाबन्दी कस्नेतर्फ उन्मुख देखिन्छन्।
जेनजी आन्दोलनकै कारण सत्ताबाट बहिर्गमित भएका नेपाली कांग्रेस र नेकपा एमाले तथा आसन्न निर्वाचनलाई नै लक्षित गरेर विभिन्न १७ घटकहरूबीच एकता भएर बनेको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) चुनावी गठबन्धन गर्ने गृहकार्यमा जुटेका छन्।
तीन दल कांग्रेस, एमाले र नेकपाले एकापसको छलफललाई तीव्रता दिएको देखिन्छ। कांग्रेस सभापति शेरबहादुर देउवासँग निरन्तर संवादमै रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले आइतवार नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग पनि भेट गरे, जसलाई चुनावी गठबन्धनकै गृहकार्यको शिलशिलाका रूपमा हेरिएको छ।
जनेजी विद्रोहपछि ओली-प्रचण्डबीच भएको यो पहिलो भेट हो। जेनजी आन्दोलनताका सत्ताको नेतृत्व र प्रमुख प्रतिपक्षमा रहेका उनीहरूबीच वर्तमान परिप्रेक्ष्यमा भेट हुनुमा चुनावी गठबन्धनबाहेक अन्य बलियो एजेन्डा केही देखिँदैन।
त्यसो त एमाले र कांग्रेसबीच सोमवार सहमति नै भइसकेको छ। स्रोतका अनुसार एमाले अध्यक्ष ओली र कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काबीच ओलीनिवास गुन्डुमा सहमति भएको हो।
ओलीसँग छलफल गर्न कार्यवाहक सभापति खड्का नेता रमेश लेखकसँगै गुण्डु पुगेका थिए। दुई दलबीच राष्ट्रिय सभामा नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टीसँग तालमेल गर्ने समझदारी भएको हो।
कांग्रेस नेतृ सुजता कोइरालाले त राष्ट्रियसभा निर्वाचनमा गठबन्धन गर्ने निश्चित भइसकेको बताउँदै आफूहरूले निर्वाचन हुन लागेको १८ सिटमध्ये ८ सिटमा दाबी गरेको समेत खुलाइन्। पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको कार्यसम्पादन समितिको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले भनिन्, 'राष्ट्रियसभा निर्वाचनमा गठबन्धन हुने निश्चित छ। कार्यवाहक सभापति ज्यूले कांग्रेसले गठबन्धनका तर्फबाट ८ सिट दावी गरेको ब्रिफिङ बैठकमा गर्नुभएको छ।'
चुनावी गठबन्धनका सन्दर्भमा दलहरूबीच घनिभूत संवाद भइरहेको एमाले उपमहासचिव लेखराज भट्टले पनि बताए। आसन्न सबै निर्वाचनमा गठबन्धन गर्ने गरी तीन दलबीच संवाद भइरहेको उनी बताउँछन्।
'आसन्न निर्वाचनहरूमा प्रमुख तीन दलबीच गठबन्धन हुने पक्का भएको हो ?' भन्ने प्रश्नमा उनले भने, 'छलफलहरू घनिभूतरूपमा भइरहेको छ। राष्ट्रियसभा त भइहाल्यो। त्यसपछि अगाडि प्रतिनिधिसभा निर्वाचनमा पनि कसरी जाने भन्नेमा दलहरूबीच छलफल चलिराख्या छ।'
नेकपा नेता दिननाथ शर्मा पनि राष्ट्रियसभा निर्वाचनका लागि छलफल भइरहेको र प्रतिनिधिसभाका लागि पनि सम्भावना रहेको बताउँछन्।
'राष्ट्रिय सभामा सम्भव भएसम्म (तालमेल) गरौँ भन्ने कुरा हो', उनी भन्छन्, 'तर अहिले प्रतिनिधिसभाका सन्दर्भमा खासै छलफल भएको छैन। यद्यपि राजनीतिमा सबै प्रकारका सम्भावनाका ढोका खुलै रहन्छन्।'
तर छलफल निष्कर्षमा पुगिनसकेको नेता शर्मा बताउँछन्। कांग्रेसभित्रको आन्तरिक किचलो र नेकपाभित्र पनि एक्लै लड्नुपर्छ भन्ने तल्लो तहका नेता-कार्यकर्ताको मतका कारण अन्तिम निर्णयमा नपुगेको उनले सुनाए।
'कांग्रेसभित्रको आन्तरिक किचलोले गर्दा एकथरी गठबन्धन गरेर जाने र अर्कोथरी एक्लै लड्ने भन्ने छ। एमाले अध्यक्ष ओलीजी र कांग्रेस सभापति देउवाजीबीच कुरा मिले पनि अन्तिम निर्णय भइसकेको छैन', उनी थप्छन्, 'हामी स्वयं निर्णयमा पुगेका छैनौँ। किनभने अहिले मिलेर जानु भनेका हिजो उनीहरू (कांग्रेस-एमाले)ले गरेका कमिकमजोरीका भारी बोक्नु सरह हुने भएकाले एक्लै लड्नुपर्छ भन्ने तल्ला तहमा धेरै मत छ।'
कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले पनि तीन दलबीच चुनावी तालमेलबारे छलफल भइरहेको बताए।
यद्यपि उनले भने प्रतिनिधिसभाका सन्दर्भमा अहिले कुनै छलफल नभएको बताए। उनले भने, 'अहिले अप्पर हाउसका लागि छलफल भइरहेको छ। पछि (प्रतिनिधिसभा) को केही कुरा छैन अहिले।'
जेनजी आन्दोलनपछि नेपाली राजनीति एजेन्डामा भन्दा बढी उमेर समूहका आधारमा दुई ध्रुवमा विभाजित छ। नयाँहरू एकठाउँ भएपछि अस्तित्व रक्षार्थ पुरानाहरू पनि चुनावी गठबन्धनको प्रयासमा लागेका आमबुझाइ राजनीतिक वृत्तमा छ।
त्यसो त नेताहरू पनि यसलाई घुमाउरो ढंगले स्वीकार्छन्। नेकपाका नेता शर्मा प्रतिस्पर्धामा श्रेष्ठता हासिलको प्रयास गर्नु अस्वभाविक नभएको बताउँछन्।
'पहिलो कुरा त प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्ने प्रयास जसले नि गर्छ, जुन अस्वभाविक होइन। अर्को कुरा नयाँहरू पनि त डराएरै एकापसमा मिलेका हुन्। त्यो कुरा त प्रष्टै छ।'
एमाले उपमहासचिव भट्ट नयाँहरूसँग डराउने भन्दा पनि अहिलेको देश र संविधानमाथिको संकट पार लगाउनुपर्ने आवश्यकताले एक ठाउँ आउनुपर्ने अवस्था बनेको बताउँछन्।
'डराउने भन्ने विषय होइन। यो त देशको राजनीतिक परिस्थितिले निर्धारण गर्ने कुरा हो', उनी भन्छन्, 'अहिले राज्यमाथि, संविधानमाथि जुन संकट आइपरेको छ, त्यसलाई पार लाउन एक ठाउँ आउनुपर्ने आवश्यकता आइपऱ्यो भन्ने लाग्छ मलाई चाहिँ।' थाहाखबरबाट

# चैतदेखि असारसम्म राष्ट्रिय आर्थिक गणना गरिँदै

झापा । देशको समग्र आर्थिक अवस्थाको तथ्याङ्कीय माध्यमबाट यथार्थ चित्र प्राप्त गर्न सरकारले दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालन गर्ने भएको छ ।
राष्ट्रिय आर्थिक गणना, २०८२ को कार्यतालिका, लोगो र नारा सार्वजनिक गर्न सोमवार राजधानीमा आयोजित कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले आगामी वर्षको असारसम्म तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्य लिएको जानकारी गराएको हो ।
'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नाराका साथ जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी २०८२ चैत १ देखि २०८३ असार मसान्तसम्म देशैभर तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्य लिएको छ।
कमलप्रसाद पोखरेलले आर्थिक तथ्याङ्कको संस्थागत मजबुत आधार निर्माणमा यो गणनाले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले भने, "राज्यले तय गर्ने अल्पकालीन तथा दीर्घकालीन आर्थिक योजना, लगानी प्रवर्धन र रोजगारी सिर्जनामा आवश्यक महत्त्वपूर्ण योगदान पुऱ्याउने र विवरण प्राप्त गर्ने अपेक्षा गरिएको छ । यो गणना देशको आर्थिक तथ्याङ्कको विश्वसनीय पद्धति विकासको आधार स्तम्भका रूपमा लिइएको छ ।"
यस गणनाका आधारमा देशको कुल गार्हस्थ उत्पादनका अनुमानहरू सुदृढीकरण गर्ने, राष्ट्रिय लेखाका आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्याङ्क उत्पादन गर्ने र सरकारले तय गर्ने नीतिनिर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्यहरूको



कार्यालयका प्रवक्ता तथा उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डिराज लामिछानेका अनुसार गणनाबाट प्राप्त विवरणका आधारमा आर्थिक वर्ष २०८३।८४ को सुरु अवधिदेखि नै यसका नतिजाहरू क्रमशः सार्वजनिक गरिने छ । उहाँका अनुसार यो गणना मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने महत्त्वपूर्ण कार्यका रूपमा रहेको छ ।

राष्ट्रिय आर्थिक गणनाबाट उद्योग, व्यापार, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी-सार्वजनिक संस्थाहरूको संख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलन गरिने मूल उद्देश्य लिइएको तथ्याङ्क अधिकारी लामिछानेको भनाइ छ ।
गणनाको उद्देश्य र महत्त्वबारे प्रकाश पार्दै प्रमुख तथ्याङ्क अधिकारी डा. मापनमा सहयोग गर्ने अन्य उद्देश्य रहेका छन् ।
सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो । उक्त तथ्याङ्कमा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान र व्यवसायहरू गणना गरिएका र ती प्रतिष्ठानहरूमा जम्मा ३२ लाख २८ हजार ४५७ मानिसहरू संलग्न रहेका पाइएको थियो । साथै प्रतिष्ठान, व्यवसायहरूमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरणहरू सार्वजनिक भएका थिए भने उक्त गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानहरूको संख्या बराबरी जस्तो रहेको देखाएको थियो ।

देशको अर्थतन्त्रको आकार तय गर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापहरूलाई अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसार

❖ बाँकी अन्तिम पृष्ठमा

# मादुरोलाई पक्राउ गरेपछि सुनको मूल्यमा भारी वृद्धि

झापा । भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो पक्राउ परेपछि विश्व बजारमा भूराजनीतिक जोखिम बढ्ने आशंकासँगै सुनको मूल्यमा तीव्र वृद्धि भएको छ। लगानीकर्ताहरूले सुरक्षित मानिने सम्पत्तितर्फ लगानी सार्दा सुनको मूल्य करिब २.४ प्रतिशत बढेर प्रतिऔंस ४ हजार ४३३ डलर पुगेको छ। चाँदीको मूल्य पनि ४.९ प्रतिशतले उकालो लागेको छ।
युरोपभरका रक्षा कम्पनीका सेयरहरू पनि सप्ताहन्तमा भएका घटनाको प्रभावले बढेका छन्। सैन्य खर्च बढ्नसक्ने अपेक्षामा रक्षा क्षेत्रका सेयरमा लगानीकर्ताको चासो बढेको देखिएको हो। तेलको मूल्य भने खासै परिवर्तन भएको छैन। तर, भेनेजुएलाका तेल भण्डारमा अमेरिकी कम्पनीहरूको पहुँच बढ्न सक्ने अनुमानका कारण अमेरिकी ऊर्जा कम्पनीका सेयरहरू प्रि-मार्केट कारोबारमै बढेका छन्।
अनिश्चितताको समयमा सुन र चाँदीजस्ता बहुमूल्य धातु सुरक्षित लगानीका रूपमा हेरिने भएकाले तिनको मूल्य प्रायः बढ्ने गर्छ। गत वर्ष सुनको मूल्य सन् १९७९ यताकै उत्कृष्ट वार्षिक प्रदर्शन गर्दै ६० प्रतिशतभन्दा बढीले बढेको थियो। डिसेम्बर २६ मा सुनले प्रतिऔंस ४ हजार ५४९.७१ डलरको ऐतिहासिक उच्च स्तर छोएको थियो।
यस वृद्धिका पछाडि ब्याजदर कटौतीको अपेक्षा, केन्द्रीय बैंकहरूले ठूलो परिमाणमा सुन खरिद गर्नु, विश्वव्यापी तनाव र आर्थिक अनिश्चितताबारे लगानीकर्ताको चिन्ता प्रमुख कारण रहेका छन्।

# ट्र्याक्टर दुर्घटनामा दुईको मृत्यु, दुई जना घाइते

झापा,पुष २१ । उदयपुरमा ट्र्याक्टर दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ । त्रियुगा नगरपालिका-७, होक्सेस्थित मदन भण्डारी लोकमार्गमा ट्र्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु हुनुका साथै दुई जना घाइते भएका हुन् ।

मदन भण्डारी लोकमार्गमा होक्सेबाट चुहाडेतर्फ आउँदै गरेको स. १ त. २८२५ नं. को ट्र्याक्टर (सिमेन्ट घोल्ने मिक्सर मेसिन जडान भएको) ओरालोमा आफै अनियन्त्रित भई दुर्घटना हुँदा सोही ट्र्याक्टरमा सवार दुई जनाको मृत्यु हुनुका साथै दुई जना घाइते भएको प्रहरीले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी नायब उपरीक्षक केदारमान दोङका अनुसार दुर्घटनामा परी गम्भीर घाइते भएका त्रियुगा नगरपालिका-६, जलजलेका ४३ वर्षीय राजा हुसेन अली र सोही वडाको मोहनपुरका २६ वर्षीया आशा सदाको जिल्ला अस्पताल उदयपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।
घाइतेहरू त्रियुगा नगरपालिका-६, मोहनपुर बस्ने वर्ष ४० की समिद्रा सदाको विराटनगरस्थित न्युरो अस्पताल र वडा नं ६ जलजले बस्ने वर्ष ४५ का शम्भु सदाको जिल्ला अस्पताल उदयपुरमा उपचार भइरहेको दोङले जानकारी दिए । दुर्घटनापश्चात् ट्र्याक्टर चालक त्रियुगा नगरपालिका-६, बगरटोल बस्ने वर्ष ३० का बिलेतिय भन्ने मनोज साह घटनास्थलबाटै फरार भएका छन् । उनको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।


## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर
वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।
वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ